


# प्रदेश-३



हुलाक सेवाको आधुनिकीकरणको बहस स्थानीय तहमा मात्र नभएर राष्ट्रियस्तरमा पनि निकै लामो समयदेखि निकै ठूलो बहस हुँदै आइरहेको विषय हो।

# इमेल र इन्टरनेटको मारमा हुलाक सेवा
# व्यक्तिगत चिठीपत्रको आदानप्रदान शून्य

कृष्ण आचार्य चितवन




'चिठी आएन, चिठी आएन, मेरो मायालुको मलाई चिठी आएन' कुनै जमानाको निकै चर्चित यो गीतले चिठीपत्रको महत्त्वलाई दर्शाउँछ। कुनै जमानामा मायालुलाई मनको कुरा भन्नेदेखि समाचार एक ठाउँबाट अर्को ठाउँमा पठाउनेसम्मको साधन चिठीपत्र नै थियो। अहिलेको नयाँ पुस्तालाई भने हस्तलिखित चिठीपत्रको आदानप्रदान बिरानो भएको छ। इमेल र इन्टरनेट जस्ता आधुनिक प्रविधिको विकासले गर्दा परम्परागत चिठीपत्रको आदानप्रदानलाई विस्थापित गरिदिएको छ।

कुनै बेला सूचना र सन्देश आदानप्रदानको मुख्य माध्यम बनेको हुलाक केही वर्षदेखि केही सरकारी चिठीपत्र र पार्सलको काममा सीमित भएको छ। जिल्ला हुलाक कार्यालय चितवनका प्रमुख नेत्रविलास पन्तले चितवनको हुलाकमा व्यक्तिगत चिठीपत्रको आदानप्रदान शून्य भएको बताए। बाटोको चोक-चोकतिर चिठीपत्र संकलन गर्ने उद्देश्यले राखिएका पोस्ट बक्सहरू पनि विस्तारै हटाउने तरखरमा जिल्ला हुलाक कार्यालय लागेको उनले बताए।

विसं २०२३ सालबाट पत्रकारिता शुरू गरेका ७५ वर्षीय अग्रज पत्रकार गणशेखर शर्मालाई त्यतिबेलाको हुलाक सेवाको महत्त्व अहिले सपनाजस्तै लागेको छ। उनले तत्कालीन समयमा हुलाकबाट वा विमानबाट प्लेनमा खाममा बन्द गरेर समाचार पठाउने गर्दथे। उनले पठाएका समाचार छिटोमा एक हप्तामा छापिने गर्दथ्यो। घरायसी र व्यक्तिगत खबर, साथीहरूलाई हेलो हाइ भन्ने काम सबै चिठीबाट नै हुने गर्दथ्यो।

चितवनको पहिलो रेडियो कार्यक्रम प्रस्तोता मनोज पन्तका अनुसार विसं २०५८ सालमा सिनर्जी एफएममा उनले 'सिने संसार' नामको कार्यक्रम चलाउँदा बोराका बोरा चिठी आउने गर्दथ्यो तर अहिले उनका कार्यक्रममा हस्तलिखित चिठी आउने क्रम शून्यमा झरेको छ। इमेल, एसएमएस, फेसबुकले हस्तलिखित चिठीपत्रलाई पूर्णतया विस्थापित गरेको छ।

हुलाक सेवाको आधुनिकीकरणको बहस स्थानीय तहमा मात्र नभएर राष्ट्रियस्तरमा पनि निकै लामो समयदेखि निकै ठूलो बहस हुँदै आइरहेको विषय हो। राष्ट्रियसभाको आइतबारको बैठकमा विनियोजन विधेयकमाथि सांसदले उठाएका प्रश्नको जवाफ दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले हुलाक सेवा अब परम्परागत ढंगले चल्न नसक्ने भएकाले यसलाई आधुनिक व्यवस्थापनका लागि गठित कार्यदलले काम अघि बढाएको जानकारी दिएका छन्।

हुलाकलाई आधुनिक टेली सेन्टरको रूपमा विकास गर्ने भन्ने बहस धेरै वर्ष अघिदेखि चले पनि यसको कार्यान्वयन हुन सकेको छैन। चिठीपत्रको आदानप्रदान ह्वात्तै घटेपछि परम्परागत शैलीले चल्ने हुलाक कार्यालय र तीनका कर्मचारीको सामाजिक भूमिकामाथि नै आजभोलि प्रश्न चिह्न लागेको छ।

जिल्ला हुलाक कार्यालय चितवनमा १ सय ६२ जना कर्मचारी कार्यरत छन्। सन् १९३५ देखि नेपालमा व्यक्तिगत सूचना आदानप्रदान गर्ने उद्देश्यले हुलाक सेवाको स्थापना भएको थियो। नेपालको सबै जिल्लामा जिल्ला हुलाक कार्यालय, ८ सय ४२ वटा इलाका हुलाक कार्यालय र ७४ वटा अतिरिक्त हुलाक कार्यालय रहेका छन्।

## अन्तरक्रिया सम्पन्न

दोलखा, (नेस)

प्रशासनिक पुन:संरचनाको सन्दर्भमा सेवा प्रवाहको प्रभावकारिता र तहगत अन्तरसम्बन्ध विषयक अन्तर क्रिया तथा स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रशासकीय अधिकृतका लागि क्षमता विकाससम्बन्धी ३ दिने तालिम सदरमुकाम चरीकोटमा आइतबार सम्पन्न भएको छ।

उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समिति र प्रशासनिक अदालतको आयोजनामा भएको प्रशासनिक पुन:संरचनाको सन्दर्भमा सेवा प्रवाहको प्रभावकारीता र तहगत अन्तरसम्बन्ध विषयक अन्तरक्रिया कार्यक्रमका सहभागी सरकारी कार्यालय तथा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारीहरूले जनतालाई प्रवाह गर्ने सेवा सुविधा सहज र सरल बनाउनेलगायतका २५ बुँदे दोलखा घोषणापत्र कार्यान्वयन गर्ने, अर्धन्यायीक निकायले न्याय सम्पादन गर्दा कानुनको मूल भावनाअनुरुप गर्ने, स्थानीय तहमा रहेको न्यायीक समितिलाई क्षमता विकास तालिम प्रदान गर्ने, स्थानीय तहले अल्पकालीन तथा दीर्घकालीन गुरुयोजना निर्माण गर्नेलगायतका प्रतिबद्धता जनाएका छन्।

कार्यक्रममा प्रशासनिक अदालतका अध्यक्ष काशीराज दाहालले प्रशासनिक पुन:संरचनाको सन्दर्भमा सेवा प्रवाहको प्रभावकारिता र तहगत अन्तरसम्बन्ध विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। सो क्रममा अध्यक्ष दाहालले जनतालाई सहज र सरल ढंगले गुणस्तरीय सेवा प्रदान गर्नु कर्मचारी तथा जनप्रतिनिधिहरूको दायित्व भएको बताउनुभयो। उहाँले जनतालाई सेवा प्रवाह गर्न संविधानले बाधा अवरोध नगर्ने उल्लेख गर्नुहुँदै नेतृत्वले सबै विषयलाई सही ढंगले व्यवस्थापन गर्न सक्नुपर्ने बताउनुभयो।

जिल्ला न्यायाधीश कमलराज विष्टको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डे, भीमेश्वर नगरपालिकाका नगरप्रमुख भरत केसी, तामाकोसी गाउँपालिकाका प्रमुख ईश्वरचन्द्र पोखरेल, प्रमुख जिल्ला अधिकारी सागरमणि पाठक र जिल्ला समन्वय अधिकारी तुलसीनाथ गौतमले मन्तव्य व्यक्त गर्नुभएको थियो।

# देउरालीमा ५० लाखको लगानीमा चियाखेती



नेपाल समाचारपत्र

नुवाकोट

नुवाकोटको मेघाङ गाउँपालिका-३ को देउरालीमा ५० लाखको लागतमा पुन: चियाखेती शुरू गरिएको छ।

विसं २०५७ सालमा स्थापना भएको चिया बगान सशस्त्र द्वन्द्व र विविध कारणले बन्द भएपछि गतवर्षबाट पुन: सञ्चालनमा आएको खेतीबाट वार्षिक २० लाख रुपियाँ आम्दानी गर्ने लक्ष्य लिएको चिया कृषि फर्मका सञ्चालक सेल्कर तामाङले बताए। ५० लाखको लागतका निर्माण शुरू गरिएको चिया बगान ४६ रोपनी क्षेत्रफलमा फैलिएको छ। जसमा १ सय ७५ बिरूवा रहेका चिया बगानका सञ्चालक तामाङले जानकारी दिए।

चिया बगानमा मासिकरूपमा १ क्विन्टल चिया उत्पादन हुने बताइएको छ। बगानबाट उत्पादन भएको चिया काठमाडौं उपत्यका, पोखरा र तराईका विभिन्न जिल्लामा खपत हुने चिया बगानका सञ्चालक तामाङले बताए। बगानबाट उत्पादन हुने चिया बजारमा ब्ल्याक टी प्रतिकेजी १ हजार रुपियाँ र ग्रीन टी १५ सय रुपियाँमा बिक्री भइरहेको कृषि फर्मले जनाएको छ। चिया बगान पुन: सञ्चालन भएसँगै स्थानीयबासीले समेत रोजगारी पाएका छन्।

# बाल विकासमा दोब्बर भुक्तानी

काभ्रे, (नेस)

जिल्ला शिक्षा कार्यालय काभ्रेपलाञ्चोकमा भएको अनियमितताका बारेमा महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण गरी उजागार गरेको छ। पटक-पटक शिक्षा अधिकारी भई काभ्रे आएका डा. दीपेन्द्र गुरुङले विभिन्न शीर्षकमा गरेको अनियमित खर्चको असुल तथा कारबाहीका लागि लेखापरीक्षण प्रतिवेदनले टिप्पणी गरेको छ।

लेखा परीक्षणमा भनिएको छ- 'बाल विकास केन्द्र सञ्चालन कार्यकर्ताको रकम वार्षिक ६० हजार दिनुपर्नेमा १ शिक्षकभन्दा धेरै देखाई १७ लाख ७६ हजार निकासा दिई अनियमितता गरिएको छ। लेखापरीक्षणले उक्त रकम तत्काल असुल गर्न निर्देशन दिएको छ। जिल्लाभित्रका प्रत्येक सामुदायिक विद्यालयमा कम्तीमा १ प्रारम्भिक बाल शिक्षा कक्षा रहने व्यवस्थाका लागि मौजुदा प्रारम्भिक बाल शिक्षा कक्षालाई शिक्षा ऐन नियमावली तथा निर्देशिकामा व्यवस्था भएको प्रावधानबमोजिम १ विद्यालयका लागि १ शिक्षकको हिसाबमा निकासा भुक्तानी गर्नुपर्नेमा एकभन्दा धेरै शिक्षक देखाई तथा निकासा नै बढी दिइएको छ।' ६८ वटा विद्यालयका नाममा उक्त रकम भुक्तानी गरिएको छ।

त्यस्तै जिल्लामा रहेका ४ सय ४४ विद्यालयलाई ८ हजारका दरले विद्यालय तथ्यांक बुलेटिन प्रकाशनलगायतका क्रियाकलापमा गरिएको भुक्तानीको सामाजिक परीक्षण, आर्थिक लेखापरीक्षण, विद्यालय तथ्यांक तथा बुलेटिन प्रकाशन गर्नुपर्नेमा सोअनुसारको क्रियाकलाप भएको पुष्टि गराउने अनुगमन प्रतिवेदन तथा प्रमाण पेस भएको छैन। सोही शीर्षकबाट ३ लाख ५२ हजार अनियमित खर्च भएको छ। स्रोत व्यक्तिको सट्टामा नियुक्ति शिक्षकलाई नपुग भएको तलब ११ लाख २९ हजार ५ सय ५० रुपियाँ विद्यालय कर्मचारी तथा सहयोगीको व्यवस्थापनमा स्वीकृत बजेटबाट गरेको खर्च अनियमित देखिएको छ। ८५ हजार रकम मसलन्दबापत भुक्तानी दिएको अनियमित छ।

शिक्षा कार्यालयमा भएका यस्ता अनियमित शीर्षक २ दर्जनभन्दा धेरै छन्। शिक्षा समन्वय एकाइ हाल जिल्ला प्रशासनअन्तर्गत रहेपछि कार्यालयले खासै आफ्नो उपस्थिति देखाएको छैन। स्थानीय सरकारलाई शिक्षाका धेरै अधिकार प्राप्त भएका छन्।

## हस्तकला तालिम सम्पन्न

नुवाकोट, (नेस)

जनजातिको महिलाको सीप तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नुवाकोटको विदुर नगरपालिकाभित्रका १५ जना जनजाति महिलालाई १५ दिने हस्तकलासम्बन्धी प्रशिक्षण दिइएको छ।

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ जिल्ला समन्वय परिषद् नुवाकोटको आयोजना र विदुर नगरपालिकाको सहयोगमा सञ्चालन भएको हस्तकलासम्बन्धी १५ दिने तालिम विदुर नगरपालिकाभित्र रहेका १३ वटा वडाबाट १५ जना चयन गरी महिला जनजातिलाई प्रशिक्षण दिएको हो। हस्तकला तालिमको समापन कार्यक्रममा विदुर नगरपालिकाकी उपमेयर गीता दाहालले तालिम लिएर मात्र नभई तालिमपश्चात् व्यावसायिक काम गरेमा मात्र त्यसले सार्थकता पाउने बताउनुभएको छ।

विदुर नगरपालिकाकी उपमेयर दाहालले नगरपालिकाले गरेको लगानीको राम्रो प्रतिफल आएमा जनजाति महिलाको सीप विकास तथा जीविकोपार्जनलाई सहज बनाउनका लागि विभिन्न तालिमको आयोजना गरी सदैव सहयोग गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले नुवाकोट जिल्ला त्रिदेशीय मार्गको रूपमा स्थापित रहेको हुँदा यहाँ उत्पादित साम्रगीलाई अन्तर्राष्ट्रियस्तरमा निर्यात गर्न सकिने भएकाले सीप विकासको तालिमबाट उत्पादित साम्रगीको बजारीकरणमा समस्या नहुने बताउनुभएको छ। उहाँले जनजाति, दलित, महिला, बालबालिकाका लागि विनियोजित गरिएको बजेट टाठाबाठा र राजनीतिक पहुँच हुनेहरूले मात्र प्राप्त गर्ने तर दूरदराजमा रहेका असहाय, लक्षित वर्गको उत्थानका लागि रकम प्रयोग नहुने गरेको बताउनुभएको छ।

यस्तै, कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ जिल्ला समन्वय परिषद् नुवाकोटकी अध्यक्ष शर्मिला थापामगरले सहभागीलाई आत्मनिर्भर, स्वावलम्बी बन्न सिकेको सीपलाई विकास गर्दै सामान उत्पादनमा वृद्धि गरी व्यवसायिक बन्न जोड दिनुभएको छ। नेपाल आदिवासी जनजाति महासंघ नुवाकोटका अध्यक्ष भगवान् रानामगरले तालिमबाट उत्पादन भएका दक्षजनशक्तिले समाजको नेतृत्व र क्षमता विकासमा टेवा पुऱ्याउनुपर्नेमा जोड दिनुभएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. १९८५ साल
भाद्र सुक्ल पक्ष द्वादशी

स्वर्गारोहण:
वि.सं. २०७५ असार १३ गते
बुधबार

स्व. रत्नमाया चित्रकार

यस प्रकाशनका शुभचिन्तक तथा हाम्रा आत्मीय मित्र समाजसेवी, राजनीतिज्ञ, साहित्यकार चलचित्र कर्मी तथा वरिष्ठ फोटोग्राफर नवीन चित्रकारकी ममतामयी माता **रत्नमाया चित्रकार**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ ।
साथै यस दु:खको घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्तिका लागि श्री परमेश्वरसंग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

पुष्करलाल श्रेष्ठ
प्रधान सम्पादक
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंचाइ विभाग
**बागमती सिंचाइ आयोजना**
कर्मैया, सर्लाही

**विषय :- आर्थिक प्रस्तावखोल्ने सम्बन्धी सूचना ।**

यस बागमती सिंचाइ आयोजनाको ठेक्का नम्बर BIP/NCB/CAP-01/074-075 Construction of Embankment, Slope revetment & studs in Chandi River for CAP निर्माण कार्यका लागि मिति २०७५।३।१३ गते भित्र पेश हुन आएका बोलपत्रहरु मध्ये निर्धारित प्राबिधिक योग्यतामा सफलभई आर्थिक प्रस्तावखोल्न योग्य ठहरिएका तपसिलका बोलपत्र दाताहरुको आर्थिक प्रस्ताव यहि मिति २०७५।३।३२ गते दिनको २.०० बजे बागमती सिंचाइ आयोजनाको कार्यालय, कर्मैया, सर्लाहीमा खोलीने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | प्राबिधिक प्रस्तावमा योग्यठहरिएकाबोलपत्रदाताको नाम, ठेगाना |
|---|---|
| १ | आश्रय निर्माण सेवाप्रा.लि., बसुन्धरा, काठमाडौं । |
| २. | नागार्जुन कन्सट्रक्सन कंपनी, प्रा.लि., बालाजु, काठमाडौं । |
| ३. | गजुरमुखी - बाँनिया जे.भी., हर्नामाडी,हेटौडा-२५ । |
| ४. | साहानिर्माण सेवा, मलंगवा-१०, सर्लाही । |
| ५. | महादेवखिम्ती - अन्जना जे.भी., पुतलीसडक ३२, काठमाडौं । |
| ६. | हिमडुङ्ग एण्ड ठोकर कन्सट्रक्सनप्रा.लि. , धापासी काठमाडौं । |
| ७. | पृथ्वीइन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि., बतिसपुतली, काठमाडौं । |

**आयोजनाप्रमुख**

२०७५, असार
सोमबार
२५

सस्तो लोकप्रियताका लागि आफ्नो काम छाडेर अनसन मात्र बसिरहनु गलत भएको र ाज्यमन्त्रीको तर्क छ।



# बर्खामा विकासको तँछाडमछाड

**विमल विष्ट, डोटी**

दिपायलको राजपुरमा अहिले सडक कालोपत्रे र मर्मतको काम शुरू भएको छ। अहिले सडकमा भएको कालोपत्रेलाई उप्काएर १ करोड रुपियाँको लगानीमा भवन तथा शहरी विकास डिभिजनले पीएस कन्सट्रक्सनलाई ठेक्कामार्फत कालोपत्रे गराइरहेको छ। दिपायल-सिलगढी नगरपालिकाले दिपायलको रातामाटीमा फनपार्कको काम पनि गराइरहेको छ। उपभोक्ता समितिमार्फत २० लाखको लगानीमा पार्कभित्र सडक, खानेपानी ट्यांकी तथा प्रतीक्षालय बनाइरहेको छ। सडक र प्रतीक्षालय बनाइसके पनि खानेपानीको ट्यांकी निर्माणाधीन छ। 'सामुदायिक वन क्षेत्रमा पार्क बनिरहेकाले प्रक्रिया पुर्‍याउँदा पुर्‍याउँदै समय बढी खर्च भयो', कुमालीकोट सामुदायिक वनका अध्यक्ष तथा पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र कठायतले भन्नुभयो- 'असारमै भए पनि काम सक्ने भएका छौं। यो रहर नभएर बाध्यता हो।' यसरी नै अहिले जिल्लाभर कसले कति विकास गर्ने भन्ने होडबाजी नै चलेको छ। गएको वर्षजस्तै यो वर्ष पनि असार मसान्तमा धमाधम विकासको काम भइरहेका छन्। चालू वर्षको २ दिन बाँकी रहँदा पनि काम सकेर भुक्तानी पाउने आशमा योजना बन्ने क्रम जारी छ।

नियमानुसार असार २५ सम्ममात्र सरकारी कार्यालयले भुक्तानी दिन पाउँछन्। स्थानीय तहमा भुक्तानीका लागि बढी तँछाडमछाड छ। केन्द्रको सिंहदरबार गाउँमै पुगे पनि काम गर्ने प्रवृत्तिमा भने अझै सुधार आएको देखिँदैन। स्थानीय तहमा जनप्रतिनिधिको प्रत्यक्ष संलग्नतामा



दिगो विकासको काम हुन्छ भन्ने नागरिको आश फेरि निराशामा परिणत भएको छ।

कोष तथा लेखा नियन्त्रण कार्यालय डोटीका स्थानीय तहले यो अन्तिम सातामात्रै कुल बजेटको ३० प्रतिशत रकम भुक्तानी गरेका छन्। अझै १५ देखि २० प्रतिशत बजेटको भुक्तानी आइतबार र सोमबारमा वितरण भइरहेको छ। '८० जति योजनाको २ दिनमा भुक्तानी हुने गरी रात दिन खटेर काम गरिरहेका छौं', केआईसिंह गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिद्धराज शर्माले भन्नुभयो- 'समयमै काम गर्नु, काजगात ल्याएर भुक्तानी लिनुस् भने पनि उपभोक्ता अन्तिम समयमा आउँछन्। त्यसले कर्मचारीलाई हैरान भएको छ।' केआईसिंह गाउँपालिकामा मात्र होइन, डोटीका ९ वटै स्थानीय तहको अवस्था उही हो।

दिपायल-सिलगढी र शिखर नगरपालिका, बोगटान, पूर्वीचौकी, सायल, आदर्श, जोरायल, बडीकेदार गाउँपालिकाका सदरमुकामहरूमा उपभोक्ता समितिका पदाधिकारीहरूको घुइँचो छ। कार्यालयमा घुइँचो बढ्दा भुक्तानीका लागि २/३ दिन कुर्नु परिरहेको उपभोक्ताको गुनासो छ। सबैभन्दा बढी सडक, खानेपानी, सिँचाइजस्ता आयोजनाका भुक्तानी हुन बाँकी छन्। यद्यपि जनचेतनामूलक कार्यक्रम पहिल्यै भुक्तानी लिएर असारको अन्तिम सातासम्म कार्यक्रम आयोजना गरी खर्चने पनि अधिकांशले सुरसार गरिरहेको शिखर नगरपालिकाका बारबाटाका वीरबहादुर विष्टले बताउनुभयो।

अन्तिम समयमा आएर भुक्तानी दिँदा कतिपय योजनाको काम प्रभावकारी भए-नभएको बुझ्न नसकिने कर्मचारीहरू बताउँछन्। 'यही मौका छोपेर कर्मचारीले कमिसन पनि माग्ने ठाउँ पाउछउँन्', केआईसिंह गाउँपालिका तिखात्तरका स्थानीय मीन मलासीले भन्नुभयो- 'नियत नै बिगारेर कतिपयले ढिलो गरी काम गर्ने गरेका छन्।'

डोटी बहुमुखी क्याम्पसका सह-प्राध्यापक अर्जुन देउवा के कसरी काम गर्ने, नीति-नियम के छन्, कसलाई योजना सम्पन्न गर्न दिनेजस्ता अन्योलता रहेकाले काम ढिलो भएको बताउनुहुन्छ। उहाँ जनप्रतिनिधि स्पष्ट विचार र योजनासहित नआउँदासम्म र कर्मचारी र जनप्रतिनिधिबीचको द्वन्द्वका कारण विकासको काममा सधैं लफडा भइरहने बताउनुहुन्छ। तर कर्मचारी र जनप्रतिनिधिको आरोप उपभोक्तातर्फ पनि छ। ढिलो गरी सम्झौता गर्न आउने, काममा ढिलासुस्ती गर्ने तथा योजनाबाट रकम जोगाउन खोज्ने प्रयासले पनि उपभोक्ताहरू अन्तिम समयमा आएर काम गर्न लागेको जिल्ला समन्वय समिति संयोजक रामबहादुर

# माहुली पुल भत्कियो

**शिवहरिप्रसाद भट्टराई, राजविराज**

पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको महुली पुल एक साइडबाट भत्किएपछि सवारी आवागमन असहज भएको छ भने तत्काल मर्मत र सुरक्षा नगरे बाँकी रहेको भागसमेत भत्किने खतरा बढेको छ।

अग्निसाइर कृष्णासवरण गाउँपालिका-५ स्थित महुली खोलामा रहेको पुल ११ सय मिटरमध्ये उत्तरपट्टिबाट करिब ५० मिटर भाग भत्किएको छ। ४ दिन अघिको वर्षासँगै खोलामा आएको बाढीका कारण पुलमा क्षति पुगेको थियो। समयमा मर्मत नहुँदा शनिबार साँझ साढे ६ बजे क्षति भएको भाग भत्किएको स्थानीय अशोक आचार्यले बताए।

पुलको एकतर्फको भाग भत्किएपछि एकतर्फीरूपमा यातायात सञ्चालन गरिएको छ। तर, समयमा मर्मतको काम नभए वर्षात् शुरू भएपछि बढीले माटो बगाएर बाँकी रहेको भागसमेत बगाउन सक्ने खतरा रहेको स्थानीयवासी बताउँछन्। यो पुल भएर दैनिक साना/ठूला गरी करिब ३ हजार सवारीसाधन आवत-जावत गर्छन्।

एकतर्फीरूपमा यातायात सञ्चालनमा आइरहेकाले तत्काल कुनै समस्या नदेखिए पनि पानी पर्न थालेपछि खोलामा आउने बाढीले कटान गरेर बाँकी भाग पनि बगाउन



सक्ने सप्तरीका एसपी मुकेश कुमार सिंह बताउँछन्।

'४ दिन अघि नै पूर्वपश्चिम चिरिएर पुलको एक साइड भास्सिएको थियो। हामीले लहानस्थित सडक डिभिजन कार्यालयलाई जानकारी पनि गराएका हौं', एसपी सिंहले भने- 'तर, समयमा सुरक्षाको प्रबन्ध मिलाउन नसक्दा पुल भत्किएको हो।' तत्काल सुरक्षाको व्यवस्था नमिलाएर खतरा बाँकी नै रहेको उनको भनाइ छ।

सडक डिभिजन कार्यालयले भने यातायातमा अवरोध नहुने गरी पुलको सुरक्षा र मर्मतको काम शुरू भइसकेको जनाएको छ। भत्किएको ठाउँमा तारजाली लगाएर मर्मत र सुरक्षा गर्ने तथा क्षति पुगेको भागमा बाढीले असर नगरोस् भन्नका लागि माथिल्लो भागमा स्पर निर्माणका लागि तयारी भइरहेको सडक विभागका पूर्वाञ्चल क्षेत्रीय निर्देशक दीपक कुमार भट्टराईले बताए।

बाढीले पुलमा क्षति गरेको जानकारी पाएपछि आवश्यक स्रोत साधन जुटाउँदा जुटाउँदै सो भाग भत्किएको सीवकार गर्दै भट्टराईले भास्सिएको भाग भत्काएर मात्र मर्मत गर्नुपर्ने भएकाले त्यसलाई ठूलो कुरा बनाउन नहुने बताए। 'क्षति भएकै ठाउँमा मर्मत हुने अवस्था थिएन, भत्किएको राम्रै भयो', उनले भने- 'वर्षाको समय भएकाले यातायात अवरोध नहुने गरी तत्काल मर्मत र सुरक्षाको काम हुन्छ। त्यसपछि दीर्घकालिन के गर्न सकिन्छ, सबै गरिन्छ।' मर्मत र सुरक्षाका लागि कम्तीमा ७ दिन लाग्न सक्ने उनले जानकारी दिए।

## लोकतन्त्रको नाममा अराजकता

स्याङ्जा, (नेस)

नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री पद्मा अर्यालले मुलुकमा लोकतन्त्रको नाममा छाडापन र अराजकता बढेको बताउनुभएको छ। प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपालको संयुक्त आयोजनामा गरिएको पत्रकार भेटघाट कार्यक्रममा राज्यमन्त्री अर्यालले लोकतन्त्रको नाममा छाडापन र अराजकताले मुलुकलाई घाटा पुगेको बताउनुभएको हो।

चिकित्सा क्षेत्रमा भएको अराजकताको विषयमा १४औं पटक अनसनमा बसेका डाक्टर गोविन्द केसीको मागलाई सरकारले कसरी हेरेको छ भन्ने पत्रकारहरूको जिज्ञासामा राज्यमन्त्री अर्यालले सबै क्षेत्रमा बेथितिको चाङ रहेको उल्लेख गर्दै गोविन्द केसीले सरकारलाई अफठ्यारो पारेको बताउनुभयो। 'डाक्टर गोविन्द केसी सरकारको कर्मचारी हुन्', राजयमन्त्री अर्यालले भन्नुभयो- 'सरकारको कर्मचारीले सरकारलाई अफठ्यारो पार्ने काम गर्न पाइँदैन।' 'सरकारको कामलाई सघाउनुपर्नेमा उल्टो सरकारलाई निर्देशित गर्नेप्रति सरकारको ध्यानाकर्षण भएको छ' -राज्यमन्त्री अर्यालले थप्नुभयो।

गोविन्द केसीको माग केही जायज भए पनि सस्तो लोकप्रियताका लागि आफ्नो काम छाडेर अनसन मात्र बसिरहनु गलत भएको राज्यमन्त्रीको तर्क छ। लोकतन्त्रमा जे पनि गर्न पाइन्छ भन्ने अधिकारले मुलुकलाई अराजकतातर्फ धकेलेको उल्लेख गर्दै राज्यमन्त्री अर्यालले सरकारले केही क्षेत्र निषेधित गर्नुआवश्यक रहेको बताउनुभयो।

सरकार सुशासनको खोजीमा रहेको बताउँदै राज्यमन्त्री अर्यालले कुनै पनि सरकारी कर्मचारीले सरकारको निर्णयलाई कार्यान्वयन गर्न पाउने तर सरकारलाई त्यो विधेयक ल्याउन निर्देशन दिने अधिकार नभएको बताउनुभयो। डाक्टर गोविन्द केसीले उठाएका केही माग जायज भएको बताउँदै जायज मागलाई सरकार वार्ता गरेर टुंगयाउन तयार रहेको राज्यमन्त्री अर्यालको भनाइ थियो। सरकारले अगाडिको सरकारले गरेका निर्णय बदर गर्दा मुलुकमा राजनीतिक द्वन्द्व त हुँदैन? भन्ने पत्रकारहरूको जिज्ञासामा राज्यमन्त्री अर्यालले जनताले दिएको जनमतको अधिकार सरकारले प्रयोग गर्छ भन्दै बहुमतलाई मान्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो ।।

हार्दिक श्रद्धाञ्जलि



जन्मः
वि.सं. १९८५ साल
भाद्र सुक्ल पक्ष द्वादशी

स्वर्गारोहणः
वि.सं. २०७५ असार १३ गते
बुधबार

स्व. रत्नमाया चित्रकार

हाम्री ममतामयी भाउजु/माता श्रीमती रत्नमाया चित्रकार स्वर्गारोहण हुनु भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।
साथै यस दु:खको घडीमा हामीलाई समवेदना एवं सान्त्वना दिनुहुने सम्पूर्ण इष्टमित्र, शुभचिन्तक , राजनीतिज्ञ, साहित्यकार, एवं शिक्षाविद्हरुमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछौं।

**भाइ/बुहारी**
पुष्प चित्रकार/सुवर्ण केशरी चित्रकार

**छोरा/बुहारी**
नवीन चित्रकार/वीणा चित्रकार
विजय चित्रकार/अञ्जना चित्रकार

**बुहारी**
धनलक्ष्मी चित्रकार
**बहिनी/ज्वाइँ**
माधुरी चित्रकार/सत्यनारायण चित्रकार
**भतिजा/भतिजी**
मिदीना चित्रकार/राजेश ज्ञवाली(भतिजी ज्वाइँ)
लचना चित्रकार
डा. निभा चित्रकार
सुधा चित्रकार/पुष्प चित्रकार(भान्जी ज्वाइँ)
**छोरी/ज्वाइँ**
रत्नमैंया चित्रकार/पुष्प चित्रकार
सुलोचना चित्रकार/जय प्रसाद उदय
रजनी चित्रकार/मनामोहन रंजीत
केशरी चित्रकार/रवि चित्रकार
मीना चित्रकार/रोशन श्रेष्ठ
दीना चित्रकार/सुदर्शन प्रधान

**नाति/नातिनी/बुहारी/ज्वाइँ**
ई प्रज्वल चित्रकार/जीना चित्रकार
प्रवल चित्रकार/रजि चित्रकार
वर्षा चित्रकार/डा.अमित प्रधानाङ्ग(नातिनी ज्वाइँ)
बादल चित्रकार(नाति)
नज्जु रंजित/शोन मूल(नातिनी ज्वाइँ)
डा. निरीजा/एण्डरसन नएथन (नातिनी ज्वाइँ)
रिया/बाबुराम कडेल (नातिनी ज्वाइँ)

**पनाति/पनातिनी**
प्रजेस चित्रकार
जयश चित्रकार
अयनश्री चित्रकार
साहारा प्रधानाङ्ग
समारा प्रधानाङ्ग
लिलीयाना मूल
माया एण्डरसन
**नाति/नातिनी**
प्रिया चित्रकार,सेजल उदय
जुही रंजित,सदिक्षा प्रधान
पलिस्था ज्ञवाली
रौनक श्रेष्ठ
लसता चित्रकार
पल्लभ ज्ञवाली

## INVITATION FOR BIDS

**Shivapuri Rural Municipality**
**Office of the Rural Municipal Executive**
Sherabagar, Nuwakot, Province No. 3

**INVITATION FOR BIDS FOR THE CONSTRUCTION OF OFFICE BUILDING OF SHIVAPURI RURAL MUNICIPALITY**

IFB No: NCB/WORKS/2074-075/3
Contract Identification No: NCB/WORKS/2074-075/3
Date of publication: 09-07-2018

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of Office Building of Shivapuri Rural Municipality and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Office Building of Shivapuri Rural Municipality (Contract No: NCB/WORKS/2074-075/3). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Shivapuri Rural Municipality invites electronic bids from eligible bidders for the construction of Construction of Office Building of Shivapuri Rural Municipality under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 3,00,00,000
   Minimum Work experience of similar size and nature: 3,50,00,000
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivapuri Rural Municipality, Shivapuri, Mahakali, Nuwakot, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office Shivapuri Rural Municipality, Shivapuri, Mahakali, Nuwakot, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 5000.0 NRs. till 09-08-2018 12:00 during office hours. *Or*
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** **Nepal Bank Ltd.**, Trishuli, Trishuli Nuwakot
   **Name of the Office:** Shivapuri Rural Municipality
   **Office Code no:** 26-365-17
   **Office Account no:** 02603000000004001077
   **Revenue Head No.:** GA 3.0.13
6. Pre-bid meeting shall be held at Shivapuri Rural Municipality, Shivapuri, Mahakali, Nuwakot, Nepal at 30-07-2018 13:00 hours.
7. Sealed or electronic bids must be submitted to the office Shivapuri Rural Municipality, Shivapuri, Mahakali, Nuwakot, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 09-082018 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-08-2018, 14:00 hours at the office of Shivapuri Rural Municipality, Shivapuri, Mahakali, Nuwakot, Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1050000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Evaluation and Qualification Criteria:
    **Contracts of Similar Size and Nature:**
    3,50,00,000
    **Average Annual Construction Turnover:**
    3,00,00,000